परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक


ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३३४ •२०७९ साल माघ २५ बुधबार •(8 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## बालिका अपहरण तथा हत्याका दोषी साहलाई जन्मकैदको फैसला



**टक नेपाल, महोत्तरी।**
बर्दिवास नगरपालिका-१४ सुगमबस्तीनिवासी सादिम आलकी ६ वर्षीया छोरी गुवालसा खातुनको हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीले दोषीलाई जन्मकैदको फैसला सुनाएको छ। जिल्ला अदालत बालिका हत्यामा दोषी ठहर भएका महोत्तरीले बर्दिबास- १४ सुगमबस्तीमै घर रहेका अरुणकुमार साहलाई जन्मकैदको फैसला सुनाएको हो। फैसलामा उनलाई आजीवन कारावासमा राख्न भनिएको छ । अदालतले पीडितलाई एक लाख क्षतिपूर्तिसमेत दिन आदेश दिएको छ। महोत्तरी जिल्ला अदालतका श्रेस्तेदार मदनप्रसाद जयसवालले सोमबार सो फैसला भएको जानकारी दिए। न्यायाधीश रामचन्द्र खड्काको इजलासले सो फैसला गरेको हो । साहमाथि अपहरण, जबर्जस्ती करणी र कर्तव्य ज्यानको मुद्दा लगाइएको छ। के थियो घटना ? ०७७ साल मंसिर ७ गते आइतबार साझ बर्दिबास १४ सुगमबस्ती बस्ने सादिम आलमकी ६ वर्षीया छोरी गुलाव साह खातुन घरअगाडिबाटै हराएकी थिइन्। उनको शव सोमबार मध्यरातमा भेटिएको थियो। सोही वेला दोषीलाई प्रहरीले उम्काउन खोजेको भन्दै बर्दिबासका स्थानीयले आन्दोलन चर्काएका थिए। आन्दोलन नियन्त्रणमा लिन प्रहरीले दर्जनौं राउन्ड गोली चलाएको थियो। सोही क्रममा बर्दिबास-१ का सञ्जय भन्ने बुद्धिराज न्यौपानेको प्रहरीको गोली लागेर मृत्यु भएको थियो । बालिका हत्या दोषी साहमाथि अर्को पनि कर्तव्य ज्यान मुद्दा आरोपी साहले लकडाउनकै समय गत वैशाख २८ गते गौशाला नगर पालिका वडा नं. ४ बिर्ताका ४४ वर्षीय काठको काम गर्ने मिस्त्री दिलित ठाकुरको हत्या आरोपमा पक्राउ परेका थिए। उक्त हत्या आरोपमा साहलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा चलाइएकोमा जिल्ला अदालत महोत्तरीबाट उनी एकलाख धरौटीमा छुटेका थिए। तत्कालै उनले धरौटी रकम बुझाउन नसक्दा उनी केही दिन थुनामै बसेका थिए। उनीमाथि ढुंगाले किचेर ठाकुरको हत्या गरेको आरोप छ ।




## बर्दिवास मेडिकल कलेज तोकिए कै स्थानमा निर्माणको लागि नगरपालिकाको कदम अघि बढ्दै



**टक नेपाल, बर्दिबास।**
बर्दिवास मेडिकल कलेज तोकिए कै स्थानमा निर्माणको लागि नगर पालिकाले प्रतिबद्धता सहित आवश्यक प्रकृया थालेको छ । बर्दिवास नगरपालिकाका मेयर प्रहलाद क्षेत्रीले पत्रकारसंगको संक्षिप्त कुराकानिमा मेडिकल कलेज निर्माणको लागि नगरपालिकाले हरसम्भव प्रयास गर्ने जानकारी दिए । मेयर क्षेत्रीले वनमा भएको रुख मासेर मेडिकल कलेज नबनाउने सम्बन्धमा सर्बोच्च अदालतमा परेको मुद्दाको लागि मंगलवार सुनवाई रहेको जानकारी दिंदै उनले मेडिकल कलेज तोकिए कै स्थानमा निर्माण गर्न आदेश आउने विश्वास व्यक्त गरे । उनले मेडिकल कलेज निर्माण स्थलमा रहेको जति रुख विरुवा काटिन्छ त्यसको क्षतिपूर्ति स्वरुपमा नगर पालिकाले एक लाख पचास हजार विभिन्न प्रजातिको रुख रोप्ने प्रतिबद्धता पत्रनै लेखेर बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयलाई बुझाएको जानकारी दिए। आयोजनालाई नगरपालिकाले बुझाएको प्रतिबद्धता पत्रमा यस नगर पालिकाको वडा नं. ४ मा नेपाल सरकारको 'एक प्रदेश एक मेडिकल कलेज स्थापना' गर्ने निति अनुरुप निर्माण गर्ने उद्देश्यले नेपाल सरकारवाट प्रस्ताव भइ बजेट समेत विनियोजन हुदै आएको बर्दिवास मेडिकल कलेज, पर्यावरण ह्रास गर्ने परियोजना नभै यस क्षेत्रको वृहत्तर विकास र मधेश प्रदेशको स्वास्थ्य अवस्था सुदृढ गर्ने महत्वपुणर् परियोजना रहेको उल्लेख गरिएको छ। नगरपालिकाबाट गत आव मा करिव १ लाख ५० हजार को संख्यामा वृक्षारोपण कार्य गरि हरियाली सफा शहर बर्दिवास बनाउने उद्देश्यका साथ हाल चुरे संरक्षण तथा वृक्षरोपणका कार्यक्रमहरु समन्वयात्मक ढंगले विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु सगं सहकार्य गर्दै आएको र सो कार्यलाई निरन्तरता दिन प्रतिवद्ध रहेकोले राष्ट्रिय महत्वका यस आयोजनालाई तोकिए कै स्थानमा कार्यान्वयनमा लागि आवश्यक प्रकृया अघि बढाइ सहयोग गरिदिनको लागि नगरपालिकाले प्रतिबद्धता पत्र मार्फत अनुरोध गरेको छ।



# मर्निङवाक जाँदा जिउँदो शिशु भेटेपछि...

**रोहित महतो, जनकपुरधाम।**

सत्यनारायण महतो 'आलोक' आफूलाई ब्रम्हचारी भन्छन्। गृहस्थी नगरेका उनी अहिले १३ बच्चाका बावु बनेका छन्। आलोक कुनैबेला विद्यावारिधि गर्न अमेरिका हिँडेका थिए। भिसा प्रकृया हुँदै थियो। उनले त्यतिबेला अकस्मात कबीर सत्संग भेटे। विद्यावारिधि गर्ने रहर छोडेर कबीर दर्शनमा लागे। कबीर नामले निचिने सन्त कबीरदास चौधौँ शताब्दीका विद्रोही सन्त हुन्। उनी भक्तिसाहित्यको निर्गुण धाराका कवि थिए। उनी रुढीवाद, छुवाछुत, धार्मिक कट्टरताका लगायतका सामाजिक विकृति र विषमताका विरोधी थिए । उनको समयमा उनी एक क्रान्तिकारी सन्त मानिएका थिए । कबीरको क्रान्तिकारिता र दर्शनले प्रभावित भएका सत्यनारायणको दैनिकी सत्संघमै वित्न थाल्यो। आलो कले २०६२ सालमा कबीर पन्थीहरूको सत्संगका लागि एक आश्रम खोले। उनी त्यहीँ बस्न थालिसकेका थिए । आजभन्दा १३ वर्षअघिको एउटा घटना भयो। त्यही घटनाले उनको जीवनको बाटो फेरियो। २०६६ साल साउन २९ गते बिहान पाँच बजे उनी मर्निङ वाकमा निस्किएका थिए। ज्ञानकुप स्कुल नजिकै कुकुर भुकिरहेको देखे। उनले नजिकै गएर हेरे, कपडाको पोको देखे। कपडामा सालनालसहित रगतमा लतपतिएको एउटा शिशु थियो। 'नालीमा बच्चा थियो। उसमा कुनै आवाज थिएन। चिच्याउँदा चिच्याउँदै थाकिसकेको थियो होला,' उक्त घटना सम्झिँदै उनले भने, 'म अचम्ममा परेँ। बच्चा उठाएर हेरेँ। बच्चा बोकेर आफ्नो आश्रम पुगेँ। साथीहरू मिलेर अस्पताल लग्यौँ।' शिशुको स्वास्थ्य खराब देखियो। जनकपुरका अस्पतालमा उपचार भएन। एउटा एम्बुलेन्स लिएर आलोक भारतको दरभंगा पुगे। शिशु अपरिपक्व अर्थात गर्भावधि पूरा नभई जन्मेको रहेछ। तौल एक किलो २५० ग्राममात्र थियो। दरभंगाको अस्पतालमा शिशु जाँचेपछि चिकित्सकले सोधे- आमा बितेको हो र?



तपाईंकी नातिनी हो? आलोकले 'हो' भने। 'हो भन्नुबाहेक मसँग अर्को जावफ भएन,' चिकित्सकसँगको संवाद सम्झँदै उनले भने, '१६ दिन आइसियुमा राखेपछि शिशुलाई राम्रो भयो। उनी छोरी थिइन्।' आलोकले बाटोमा बच्चा भेटेको, उपचार गराएको र आफैँले पाल्न थालेको कुरा स्थानीय समाजमा फैलियो। त्यसरी भेटिएकी छोरीलाई उनले पालन पोषण गर्न थाले। त्यसको एकवर्षपछिको कुरा हो, २०६७ साउन ११ गते राति ११ बजे, उनलाई अपरिचित नम्बर बाट फोन आयो। फोन गर्नेले भने- बाह्रबिघामा एउटा बच्चा फालिएको छ, लैजानुहुन्छ भने छिटो आउनुहोस्। उनी साइकल चढेर तुरुन्तै त्यहाँ पुगे। सालनालसहितको शिशु लिएर अस्पताल पुगे। स्वास्थ्य अवस्था सामान्य देखियो। शिशु लिएर आश्रम आए। बिस्तारै उनलाई बेवारिस बच्चा उद्धारका लागि फोन आउन थाल्यो। त्यसरी भेटेका बच्चा ल्याएर पाल्दा लाग्ने खुसी र पाइने आनन्द बेहिसाब भयो। अन्ततः उनी यस्ता शिशुको उद्धार गर्ने र तिनलाई आश्रय दिने निष्कर्षमा पुगे। यसै अनुसार सुरु भयो 'सदगुरु कबीर बालआश्रम'। पाँचवर्षअघि कबीर पन्थीहरूका लागि खोलेको आश्रमलाई २०६८ सालमा 'सदगुरु कबीर बालआश्रम' को नाम दिए। जनकपुरधाम उपमहानगरपालिका-८ ज्ञानकुपमा रहेको यो आश्रममा अहिले उनका ११ छोरी र २ छोरा गरेर १३ जना छोराछोरी आइपुगेका छन्। ५० वर्षीय आलोकको दिन तिनै छोरी र छोराको खानपिन, स्याहारसुसार, स्वास्थ्य रेखदेख, शिक्षाको प्रबन्ध इत्यादिमा बित्छ। सबैभन्दा पहिले भेटेर उद्धार गरिएकी छोरी १३ वर्षकी भइन्। उनी पाँच कक्षामा पढ्दै छिन्। केही शिशु उद्धार गरेर आश्रममा ल्याइनपुऱ्याउँदै बिते। केही चाहिँ हुर्किँदै गर्दा बिरामी परेर बिते। जनकपुरकै बासिन्दा मिरादेवी साह पनि आश्रित बालबालिकाको हेरचाहका लागि आश्रममै बस्छिन्। उनलाई बालबालिकाहरूले मिरादिदी भन्छन् । 'मिराको भूमिका पनि मेरो जत्तिकै छ । उनी पूर्णरूपमा बच्चाको रेखदेख र स्याहारसुसारमा तल्लीन छिन्,' आलोक भन्छन्, 'हामीले बच्चाको जीवनलाई आफ्नै जीवन सम्झेर काम गरेका छौँ।' आश्रममा बालबालिकाको संख्या बढ्न थालेपछि आलोकले कजेलमा पढाउन छाडे। पढाउनबाहेक उनी सत्संग प्रवचन पनि गर्थे। केही दिन निजी ट्युसन कक्षा पनि चलाए तर त्यसका लागि पनि समय पुगेन। उनी तराईका विभिन्न जिल्लामा सत्संग प्रवचन गर्छन्। यसबाट उनी आश्रमका लागि स्वेच्छिक रूपमा आर्थिक सहयोग पाउँछन् । जनकपुरका केही बासिन्दाले बिहे, जन्मदिन, पितृहरूको स्मरण इत्यादिका अवसरमा आश्रमलाई आर्थिक र जिन्सी सहयोग गर्ने गरेका छन्। वैदेशिक रोजगारीमा गएका युवाहरूले पनि सकेको सहयोग गर्ने गरेका छन्। समाजका गन्यमान्य केही व्यक्तिहरूले पनि सहयोग गर्छन्। यस्तो सहयोगले आश्रमको आर्थिक भार धेरै हदसम्म धानेको छ तर सबै खर्च धान्दैन। आलोकका अनुसार दैनिक २० जनाका लागि खानेकुरा पाक्छ। आश्रितहरूका लागि लत्ताकपडा, फलफूल, शैक्षिक सामग्री, खेलौना इत्यादि चाहिन्छ। उपचारमा पनि खर्च हुन्छ । दैनिक सरदर पाँच हजार रुपैयाँ खर्च छ। आश्रमले राज्यका निकायबाट आर्थिक सहयोग पाएको छैन । आलोक भन्छन्, 'यी बालबच्चामाथि सरकारको लगानी शून्य छ। हाम्रो समस्या धेरैलाई सुनाएका छौँ।' खासमा यसरी परित्यक्त बच्चा पालेर बस्ने उनको रहर होइन। उनले यस्तो काम गरूँला भन्ने कल्पना पनि गरेका थिएनन्। परिस्थितिले सिर्जना गरेको हो। सडकमा फालिएको बच्चा भेटेपछि आफूभित्रको मानवताले तिनको सेवामा आफू लागेको उनले बताए। सरकारले गर्नुपर्ने काम नगरेपछि बाध्य भएर मानवताको हिसाबले आफू परित्यक्त बालबालिकाको सेवामा लागेको उनको भनाइ छ । उनी भन्छन्, 'बालबालिको संरक्षण र भविष्य निर्माण राज्यको जिम्मेवारी हो। अनाथ बालबालिकाको जिम्मा राज्यले लिनुपर्छ।' आलोक आश्रमका बालबालिकाका लागि हात फैलाएर भिख मागेजसरी आर्थिक सहयोग जुटाउन चाहँदैनन्। मनकारीहरूले मानवता विचार गरेर स्वेच्छाले सहयोग गरून् भन्ने चाहन्छन्। उनका अनुसार अधिकांश खर्च सत्संग प्रवचनबाटै जुटाउँछन्। अनाथ बालबालिकाप्रति अझै पनि धेरैको धारणा नकारात्मक रहेको आलोकको निष्कर्ष छ। सर कारी निकाय पनि अनुदार छन्। 'समाजमा अझै पनि केही व्यक्तिले यी बालबालिकालाई नकारात्मक नजरले हेरेको देख्दा मेरो मन खिन्न हुन्छ,' उनी भन्छन्, 'कसैले त आश्रमको बच्चा भनेर होच्याउँछन्। बच्चाको मनमा ठेस पुग्ने कुरा सोध्छन्' आलोकले सडकबाट बच्चा जम्मा गरेर पालनपोषण सुरु गर्दा कुरा काट्ने हरू पनि थिए। पैसा कामाउन सेवाको नाटक गरेको भन्नेहरू पनि थिए। उनले यी कसैको वास्ता गरेनन्। आफ्नो लक्ष्यमा अघि बढिरहे। 'कोही पनि मान्छेले रहरले बच्चा फालेको हुँदैन। जन्माउनै नचाहेको बच्चा फाल्ने हो,' आलोक भन्छन्, 'यस्ता बच्चा फल्नु नपर्ने गरी समाजमा सुधार आवश्यक छ।' बच्चा जन्माएर फाल्नुलाई उनले विकृतिका रूपमा पनि हेरेका छन्। फालिएका धेरै जसो शिशु छोरी हुनुलाई उनले सामाजिक विकृति मानेका छन्। केही व्यक्ति बच्चा माग्न आश्रममा आउने गरेको पनि आलोकले बताए। करिब एक दशकमा यसरी आएका मध्ये एक जनाले पनि छोरी मागेको छैन। मागेर आश्रमबाट कसैले बच्चा पाउँदैन। 'उद्धार गरेकै अवस्थामा म पाल्छु भनेर कसैले लैजान सक्छ। यसमा पनि कानूनी प्रक्रिया पुर्याउनुपर्छ,' आलोक भन्छन्, 'यहाँ त पालनपोषण गरेर हुर्काएका बच्चा माग्न आउँछन्। हाम्रो आश्रम बच्चा बेच्ने केन्द्र होइन। यो एउटा परिवार हो।' आलोकका अनुसार आश्रमको भवन निर्माणका लागि प्रतिनिधिसभाका पूर्वसदस्य उमाशंकर अरगरियाले १० लाख रुपैयाँ जुटाइदिए। जनकपुरधाम उपमहानगरका तत्कालीन मेयर मेयर लालकिशोर साहले सानो पर्खाल निर्माणमा सहयोग गरे । आलोकले २०६१ सालमा आफ्नै कमाइले एक कठा जग्गा किनेका थिए। आश्रम त्यहीँ बनाएका छन्। पैसाको अभावमा निर्माण कार्य अपूरो छ । सडकमा फालिएका शिशुको उद्धार गरेर जीवन दिने कर्म गर्न पाउँदा आलोकलाई गौरवको अनुभूति हुने गरेको छ । केही प्रशंसकले जनकपुरधाममा राजा जनकले सीताको उद्धार गरेर पालनपोषण गरेझैँ आलोक पनि कलीयुगका जनक हुन् भन्छन्। उनी यस्तो प्रशंसाको साटो मानवीय सहयोग गरेको राम्रो मान्छन्।

**को हुन् आलोक?**

नागरिकता प्रमाणपत्रअनुसार उनको नाम सत्यनारायण महतो हो। पैतृक घर महोत्तरीको बर्दिबास नगरपालिका, बिजलपुरा हो। उनी चार दाजुभाइमध्ये साहिँला हुन्। उनका पुर्खाहरू कबीरपन्थी थिए। अहिले पनि परिवारका सबैजना शाकहारी छन्। बर्दिवासमै स्कुलको पढाइ पूरा गरेपछि उनी उच्च शिक्षाका लागि जनकपुर पुगे। जनकपुरमा स्नातकोत्तर तह पूरा गरेपछि त्रिवि केन्द्रीय क्याम्पस, कीर्तिपुरबाट स्नातकोत्तर पूरा गरे। कविता लेखनमा उनको रुचि थियो। पत्रपत्रिकामा कविता छपाउन थाले। कविता लेख्ने क्रममै उनले आफ्नो नाममा 'आलोक' जोडे। बिस्तारै उनी 'आलोक' नामबाटै चिनिए।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज भाग्यले विभिन्न अवसर जुराउनेछ। | तुला | आज आफन्तको प्रगतिमा मन रमाउन सक्छ। |
| बृष | पारिवारिक उल्झनमा परि आँटेको काम बिग्रनेछ। | वृश्चिक | आज शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। |
| मिथुन | शुभकार्यको चर्चा चल्नेछ। | धनु | शुभकार्यको चर्चा चल्नेछ। |
| कर्कट | वित्तिय संस्थाबाट सहयोग पाइनसक्छ। | मकर | आज विवाद भाग नलिनुहोला। |
| सिंह | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। | कुम्भ | शत्रुमाथि विजय प्राप्त हुन सक्छ। |
| कन्या | आज बन्न लागेको काम बिग्रिनेछ। | मीन | आज दैनिक कार्यमा प्रगति हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# आवेगको आक्रोश

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफ्नो पार्टी सरकारबाट बाहिरिने क्रममा पत्रकार सम्मेलन गरेर नेपाली मिडिया, प्रकाशक र सम्पादकहरूका विषयमा जे जस्तो अभिव्यक्ति दिए, त्यो आपत्तिजनक छ। उनले मिडियाकै कारण आफ्नो उपप्रधान एवम् गृहमन्त्री र सांसद पद गएको मात्रै बताएनन्, त्यसको झोंकमा आफ्नो आक्रोश झल्किएको पनि भन्न भ्याए। यसैबाट पनि प्रस्ट हुन्छ कि नेपाली पत्रकारिता र पत्रकारका विषयमा उनका भनाइ कति आधारहीन छन् भनेर। जब व्यक्तिले स्वविवेक गुमाउँछ र आवेगपूर्ण अभिव्यक्ति दिन्छ, त्यो आधारहीन, कपोलकल्पित, अप्रमाणित लाञ्छना र बर्बराहटबाहेक केही हुन सक्दैन। आइतबारको पत्रकार सम्मेलनमा लामिछानेले त्यही झल्को दिए। उनले आफ्नो विगतको उपप्रधानमन्त्री एवम् गृहमन्त्री पदको त ख्याल गरेनन् नै, आफू संसद्को चौथो ठुलो दलको सभापति भन्ने कुरालाई पनि हेक्का राखेनन्। साथै विगतमा आफ्ना जे जस्ता हैसियत थिए, ती सबैलाई बिर्सिएर नेपाली मिडियाप्रति निम्नस्तरको गालीगलौजमा उत्रिए। यसले उनको क्षणिक आवेग त साम्य भयो होला तर उनको यो अभिव्यक्तिले उनी आफै र उनको पार्टीलाई अधोगतितर्फ लैजाने कुरामा कुनै शंका छैन। विगतमा लामिछानेले एक सञ्चारकर्मीका नाताले नेपालको राजनीति र नेताका विषयमा प्रश्न उठाएका हुन्। उनले उतिबेला सञ्चार माध्यममार्फत राजनीति र नेताका विषयमा गरेका टिप्पणी आचारसंहिताको कसीमा कति ठिक/बेठिक थिए भन्ने छुट्टै बहसको विषय बन्ला। तर, उनका उतिबेलाका टिप्पणीले राजनीतिक नेतृत्व र सरकारप्रति आमजनतामा घृणा उत्पन्न गराउने काम भने पक्कै पनि गरेको थियो। हो, त्यही घृणाजन्य अभिव्यक्तिको जगमा उनको राजनीतिक उदय भएको हो। सबै राजनीतिक दल र नेतालाई पदलोलुप र भ्रष्टको संज्ञा दिने उनै 'सञ्चारकर्मी' लामिछाने निर्वाचन जितेपछि जसरी पनि सरकारमा जान मरिहत्ते गरेर लागे। त्यसमा उनी सफल पनि भए। तर, उनी सरकारमा नजाँदै उनको नागरिकता र राहदानी विवाद छताछुल्ल भएको थियो। त्यो अवस्थामा उनले केही समय धैर्य गर्न सक्थे तर त्यसो गर्न चाहेनन् र गृह मन्त्रालय नै सम्हाले। उनको नागरिकता र राहदानी विवादको छानबिनसँग सोझै जोडिने मन्त्रालय पनि गृह नै थियो। यो अवस्थामा नेपाली मिडियाले लामिछानेले गृह सम्हाल्दा स्वार्थको द्वन्द्व (कन्फिक्ट अफ इन्ट्रेस्ट) भयो भन्ने कुरालाई उठाएका हुन्। यही सेरोफेरोमा सर्वोच्च अदालतको फैसलाका कारण उनको उपप्रधान एवम् गृहमन्त्रीदेखि सांसदसम्मको पद गयो। हो, त्यसैका कारण नेपाली मिडियाप्रति उनलाई झोंक चलेको हो, जसको परिणामस्वरूप उनी तथानाम गाली गर्न उद्यत भएका हुन्।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको 'ताम्रपत्र' फिर्ता

**टक नेपाल, जनकपुरधाम ।**
अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको 'ताम्रपत्र' फिर्ता भएको छ । ताम्रपत्र' फिर्ता हुनुमा आफूलाई जानकी मन्दिरको उत्तराधिकारी महन्थ बताउने रामरोशन दासको बदमासी मुख्य कारण रहेको जानकी मन्दिरका मुख्य पूजारी मनोजकुमार झाको आरोप छ । नेपालको कालीगण्डकी नदीबाट उत्खनन गरेर भारतको अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको दुई विशाल देवशीलासँगै प्रदान गरिएको 'ताम्रपत्र' दासका कारण फिर्ता गरिएको हो । गत बुधबार राति भारतको उत्तर प्रदेशस्थित अयोध्या पुर्याएर बिहीबार श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको देवशीलासँगै जानकी मन्दिरको तर्फबाट ताम्रपत्र पनि प्रदान गरिएको थियो । तर, सो 'ताम्रपत्र' जानकी मन्दिरको तर्फबाट श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई प्रदान गरिएको भनिए पनि जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवलाई जानकारी नै नदिई आफूलाई मन्दिरको उत्तराधिकारी महन्थ बताउने रामरोशनले प्रदान गरेको बताइएको छ । पछि सो ताम्रपत्र श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टले अस्वीकार गर्दै जानकी मन्दिरलाई फिर्ता गरेको हो । सो ताम्रपत्रमा रामरोशन दासले जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवसँगै आफ्नो नाम पनि लेखेर श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरेको जानकी मन्दिरका मुख्य पूजारी मनोजकुमार झाले बताए । रोशन दासले आफ्नो इच्छाले सो ताम्रपत्र ट्रस्टलाई प्रदान गरेको र त्यसमा मुख्य व्यक्तिको मात्रै नाम हुनुपर्नेमा उनले आफ्नो नाम पनि लेखेकोले अस्वीकार गर्दै फिर्ता गरिएको झाले बताए । 'जहाँ मान महन्थको नाम छ, त्यहाँ उत्तराधिकारीको नाम लेख्नुपर्ने कुनै आवश्यकता नै छैन,' उनले भने,'पूर्वयोजनाविना नै रामरोशनले



आफ्नो इच्छाले ताम्रपत्र हस्तान्तरण गरेका थिए ।'उनले रोशनले जानकी मन्दिरलाई जानकारी नै नदिएर श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई ताम्रपत्र दिन खोजेकोसमेत बताए । यस्तो ऐतिहासक कामका लागि रोशनले मान महन्थसँग समन्वय गरेर काम गर्नुपर्नेमा उनलाई कुनै जानकारी नै नदिई आफूअनुकूल मनोमानी तरिकाले काम गरेको उनको आरोप छ।

अयोध्यामा निर्माणाधीन राममन्दिरमा भगवान् रामको मूर्ति बनाउन कालीगण्डकी नदीबाट उत्खनन गरिएको उक्त देवशीला अयोध्या पुर्याइएपछि विशेष समारोहकाबीच माघ १९ गते श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको थियो । यता, यस सम्बन्धमा आफूलाई कुनै जानकारी नरहेको उत्तराधिकारी महन्थ बताउने रामरोशन दासले बताए । उनले देवशीलासँगै आफूले ताम्रपत्र पनि हस्तान्तरण गरेर तुरुन्तै त्यहाँबाट फर्केकोले आफूलाई ताम्रपत्र फिर्ता भएकोबारे कुनै जानकारी नरहेको बताए ।



जय सियाराम जय सियाराम जय सियाराम

श्री जानकी मन्दिर
जनकपुरधाम, नेपाल

शिला हस्तान्तरण

भगवान श्री रामक जन्मभूमि अयोध्याधाममे श्री राम ललाक प्रतिमा निर्माण हेतु जगज्जननी जानकीक नैहरसँ सनेसक रूपमे पवित्र शिला पठएबाक सुअवसर पाबि हम सकल नेपाल एवं मिथिलावासी धन्य भऽ रहल छी। एहि पुनीत उद्देश्यक लेल नेपाल सरकारक सम्मतिसँ गण्डकी प्रदेश सरकारद्वारा उपलब्ध कराओल गेल कालीगण्डकी नदी क्षेत्रक दू गोट शिला प्राचीन मिथिलाक राजधानी जनकपुरधामस्थित श्री जानकी मन्दिरक दिससँ भारत, उत्तर प्रदेशक अयोध्याधामस्थित राम जन्मभूमि तीर्थक्षेत्रकेँ सादर हस्तान्तरण करैत छी।
इति संवत् २०७९ माघ १८ तदनुरुप १ फरवरी २०२३, बुध दिन शुभम्।

रामरोशन दास वैष्णव
उत्तराधिकारी महन्थ
जानकी मन्दिर, जनकपुरधाम

रामतपेश्वर दास वैष्णव
महन्थ
जानकी मन्दिर, जनकपुरधाम

Jay Siyaram Jay Siyaram Jay Siyaram

Shree Janaki Temple
Janakpurdham, Nepal

HANDING OVER OF REVERED STONE


We, the people of Nepal and Mithila are honored to send the holy rocks as gift from the Goddess Janaki's maternal home for the construction of the idol of Shree Ram Lala in Ayodhya, the birthplace of Lord Shree Ram. For this pious purpose, with the consent of the Government of Nepal, two pieces of sacred stones sent by the Government of Gandaki Pradesh from the Kaligandaki river region, are handed over to Ram Janmabhoomi Teerthakshetra, Ayodhya, Uttar Pradesh, India on behalf of Shree Janaki Temple located in Janakpur Dham, the capital of ancient Mithila goes.
On this day of Magh 18, Samvat 2078 accordingly 1st February, 2023 Wednesday.

Ramroshan Das Vaishnav
Successor Priest
The Janaki Temple, Janakpurdham

Ramtapeshwar Das Vaishnav
Head Priest
The Janaki Temple, Janakpurdham



# ३ करोड लागतमा मोक्षधाम




**टक नेपाल, बर्दिबास।**
महोत्तरीको बर्दिवास-१ रातु खोला छेउमा व्यक्तिगत पहलमा निर्माणाधीन रातुठाकुर मोक्षधामको काम अन्तिम चरणमा पुगेको छ। सोही स्थानका ६९ वर्षीय कृष्ण देवकोटाको पहलमा निर्माणाधीन मोक्षधाममा मन्दिर तथा शवदाह स्थल लगायत संरचना बनाइएको हो। समाजसेवी देवकोटाले १२ वर्षअघि निर्माण सुरु गरेको धामको काम पूरा हुँदा ३ करोड रुपैयाँ लागतको अनुमान छ। व्यवस्थित शवदाह स्थलको अभाव भएपछि रातुठाकुर मोक्षधाम बनाइएको उनले बताए। दाताबाट जुटाइएको सहयोगबाट रातु ठाकुर मन्दिर, शिव मन्दिर, मलामी बस्ने दुईटा टृष्ट, एक कार्यालय, एक पानि टंकी, ५ वटा शवदाह स्थल बनाइएको छ भने ६ वटा धारा र खोला रोक्न ड्याम समेत निर्माण गरिएको देवकोटाले जानकारी दिए। किरियापुत्री घर, बगैंचा निर्माण र दाउरा डिपो सञ्चालन योजनालाई सहयोग चाहिएको उनको भनाइ छ। देवकोटाकै संरक्षणमा रहेको बर्दिवास १ स्थित रातु खोला किनारको ५ विघा ७ कठ्ठा नदिउकास जग्गामा मोक्षधाम निर्माणाधीन छ। बर्दिवास हेल्प फाउन्डेसनले पनि मोक्षधामलाई व्यवस्थित गर्न कार्यक्रम सञ्चालन गर्ने भएको छ। फाउन्डेसका अध्यक्ष हीरा गौतमले धामलाई नमुनास्थल बनाउन, मायाघर निर्माण गर्न र त्यहाँका गरिब तथा जेहेनदार विद्यार्थीलाई पढाउन सहयोग गर्ने बताए। देवकोटा १५ वर्षयता समाजसेवामा तल्लीन छन्। उनकै पहलमा सर्पदंश उपचार केन्द्र पनि निर्माण भएको छ। 'सामाजिक कामले फुर्सद हुँदैन,' उनले भने, 'फलको आश नगर्नु कर्म गरिरहनू भन्ने भनाई छ, म त्यसैगरि लागिरहेको छु।' खेतिपातिबाट खान पुगेको कारण समाजसेवामा लाग्न पाएको उनको भनाइ छ।

# पुराना पार्टीप्रति अब जनताको आकर्षण छैनः सीके राउत



**टक नेपाल, बर्दिबास।**
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले अहिले आफ्नो पार्टी जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीभन्दा ठूलो दल बनेको बताएका छन्। वीरगञ्जमा सोमबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफ्नो पार्टीले मंसिर ४ गते भएको निर्वाचनमा पाएको समानुपातिक मतको आधारमा जसपा र लोसपाभन्दा ठूलो दल बनेको बताएका हुन्। मधेस प्रदेश र लुम्बिनी प्रदेशमा समानुपातिक मतको आधारमा जसपा र लोसपाभन्दा जनमत पार्टी ठूलो बनिसकेको राउतको भनाइ थियो। उनले भने, 'जनमत पार्टीको समानुपातिक मत हेर्नुहुन्छ भने मधेस प्रदेशमा जसपाभन्दा पनि ठूलो पार्टी छ,' उनले भने, 'लोसपाभन्दा पनि ठूलो पार्टी जनमत पार्टी हो। यति बाधा व्यवधानको बाबजुत पनि राष्ट्रिय पार्टी पनि बन्न सफल भयौं।' चुनाव लड्न सक्ने उम्मेदवासित खर्च गर्ने पैसासमेत नभएको अवस्थामा चुनाव लडेर आफ्नो पार्टी राष्ट्रिय पार्टीसमेत बन्न सफल भएको उनले बताए। राउतले सप्तरी जिल्लामा मात्रै समानुपातिकतर्फ ८६ हजार मत ल्याएको बताए। पर्सा जिल्लामा एमालेभन्दा २० हजार मतले मात्रै पछि रहेको बताउँदै एमालेभन्दा ठूलो पार्टी बन्ने क्षमता जनमत पार्टीको पर्सा जिल्लामा रहेको उनले बताए। ठूला पार्टी चुनावमा जान डराएको भन्दै उनीहरुले गठबन्धन गरेर चुनाव लडेको भए पनि आफ्नो पार्टी एक्लै चुनावमा भाग लिए राष्ट्रिय पार्टी बनेको राउतले बताए। अरु पार्टीको सम्भावना देशमा सकिएको भन्दै राउतले पुराना पार्टी पुरानो गाडीजस्तो भइसकेको टिप्पणी गरे। पुराना पार्टी पुरानो गाडीजस्तो भइसकेपछि नयाँ गाडी चढ्नुपर्ने आवश्यकता आउने भएकाले अहिले जनताले नयाँ पार्टीको रुपमा जनमत पार्टीप्रति आकर्षित बनेको राउतले बताए। पुराना पार्टीहरुलाई हेर्दाहेर्दै जनता थाकिसकेकोले आफ्नो पार्टी वैकल्पिक शक्ति बन्नेतर्फ अघि बढेको उनको भनाइ थियो।




# मधेस सरकारका नवनियुक्त मन्त्रीहरूले लिए पद तथा गोपनियताको शपथ



**टक नेपाल, जनकपुरधाम।**
मधेस सरकारका नवनियुक्त उद्योग पर्यटन तथा वन मन्त्रीमा सुनीता यादव र राज्यमन्त्रीमा रहबर अन्सारीले पद तथा गोपनियताको शपथ लिएका छन्। मंगलबार माओवादी केन्द्रबाट नियुक्त मन्त्री यादव प्रदेश प्रमुख हरिशंकर मिश्र र राज्यमन्त्री अन्सारी मुख्यमन्त्री सरोजकुमा यादवबाट शपथ लिएका हुन्। यो सँगै अब मधेस सरकारले पूर्णता पाएको छ। यसअघि मुख्यमन्त्री यादवले पुस २९ गते तीनजना मन्त्री र माघ २० गते ६ मन्त्री र ३ राज्यमन्त्री नियुक्त गरेका थिए। अब मधेस सरकारमा मुख्यमन्त्री, १० मन्त्री र चार राज्यमन्त्रीसहित मन्त्रीमण्डलको संख्या १५ सदस्य पुगेको छ।




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com